## • वस्तुगत प्रश्नोत्तर

१. **वरिष्ठ गायक एवम् सङ्गीतकार प्रेमध्वज प्रधानको निधन कहिले भएको हो ?**



✎ विक्रम संवत् २०७८ वैशाख २३ ।
- विसं १९९४ मा सिन्धुपाल्चोकको चौतारामा जन्मनुभएका प्रधानलाई नेपाली साङ्गीतिक क्षेत्रमा 'गोल्डन भ्वाइस' उपनामले पनि चिनिने ।
- १६ वर्षको उमेरमा रेडियो नेपालमा स्वर परीक्षा उत्तीर्ण गर्नुभएका प्रधानका यो नेपाली शिर उचाली, पर लैजाऊ फूलहरू, घुम्तीमा नआऊ है, गोरेटो त्यो गाउँको, तिमीलाई अचेल कहाँ भेटौँलगायतका दर्जनौँ गीत चर्चित छन् ।

२. **नेकपा एमाले संसदीय दलका नेता केपी शर्मा ओली तेस्रोपटक प्रधानमन्त्री पदमा कहिले चयन हुनुभएको हो ?**

✎ विसं २०७८ वैशाख ३० ।
- संविधानको धारा ७६ (२) अनुसारको गठबन्धन सरकार निर्माणको प्रयास असफल भएपछि प्रतिनिधिसभाको सबैभन्दा ठूलो दलको संसदीय दलको नेताको हैसियतमा (संविधानको धारा ७६ (३) अनुसार) उहाँ पुनः प्रधानमन्त्री नियुक्त हुनुभएको । विश्वासको मत पाउन नसकेपछि संवैधानिक प्रावधानअनुसार २०७८ वैशाख २७ गते स्वतः पदमुक्त हुनुभएका एमाले अध्यक्ष ओली तेस्रो दिनमा पुनः प्रधानमन्त्री चयन हुनुभएको । उहाँले वैशाख ३१ मा पद तथा गोपनीयताको शपथग्रहण गर्नुभएको ।
- नेपालको संविधान जारी भएपछि उहाँ पहिलोपटक र सङ्घीय संसद्को निर्वाचनपछि दोस्रोपटक प्रधानमन्त्री चयन हुनुभएको थियो ।

३. **'इकोनोमिक अर्लिवार्निङ सिष्टम' भन्नाले के बुझिन्छ ?**

✎ वित्तीय क्षेत्रमा आउन सक्ने जोखिमको पूर्वानुमान गरी मुलुकलाई सम्भावित वित्तीय सङ्कटबाट जोगाउने उद्देश्यले राष्ट्रिय योजना आयोगद्वारा सुरुवात गर्न थालिएको पद्धति

(राष्ट्रिय योजना आयोगमातहत रहने यो प्रणालीले समष्टिगत अर्थतन्त्रका सूचकमा भइरहने उतारचढाव र त्यसले नेपालमा पार्न सक्ने अल्पकालीन तथा दीर्घकालीन प्रभाव र जोगिन अपनाउनुपर्ने उपाय सरकारलाई सिफारिस गर्ने ।)

४. **नेपालमा पहिलो राष्ट्रिय पत्रकारिता दिवस कहिले मनाइएको हो ?**

✎ विसं २०७३ वैशाख २४ ।
- गोरखापत्र प्रकाशन भएको ऐतिहासिक दिन वैशाख २४ लाई स्मरण गर्दै नेपाल सरकारले विसं २०७३ बाट 'राष्ट्रिय पत्रकारिता दिवस' मनाउन थालेको ।
- विसं १९५८ वैशाख २४ गते साप्ताहिक रूपमा 'गोरखापत्र' को प्रकाशन सुरु भएको । सुरुमा साप्ताहिक रूपमा प्रकाशित यो अखबार हप्तामा दुईपटक, तीनपटक हुँदै विसं २०१७ फागुन ७ गतेबाट दैनिक रूपमा प्रकाशित हुँदै आएको ।
- नेपालमा फोटो पत्रकारिताको सुरुवातकर्ता पनि गोरखापत्र नै हो । विसं १९८४ वैशाख १३ गते गोरखापत्रमा पहिलोपटक सर्वसाधारणको तस्बिर छापिएको थियो ।
- गोरखापत्र २०५९ असार १० गतेबाट रङ्गीन कलेबरमा छापिन थालेको ।
- विसं २०६४ असोज १ गतेबाट 'नयाँ नेपाल' शीर्षकअन्तर्गत नेपालमा बोलिने राष्ट्र (मातृभाषा) हरूको प्रकाशन सुरु गरी हाल पालैपालो ३८ वटा भाषामा समाचार सामग्री प्रकाशन हुँदै आएको ।
- राष्ट्रिय पत्रकारिता दिवसको घोषणापश्चात् गोरखापत्र संस्थानले २०७३ मा पहिलोपटक ५५ हजार ५५५ रुपियाँ राशिसहितको गोरखापत्र राष्ट्रिय पत्रकारिता पुरस्कारको स्थापना गरेको ।

५. **प्रथम विश्वयुद्ध कहिले अन्त्य भएको थियो ?**

✎ सन् १९१८ नोभेम्बर ११ ।

(मानव सभ्यतामाथि चुनौती दिँदै विश्वभर विध्वंश मच्चाएको पहिलो विश्वयुद्ध सन् १९१४ जुलाई २८ मा सुरु भएको थियो ।)

६. **स्वीट क्रिम, कोटेड रेड, अन्टी गुवा ओरेन्ज, डिस्कभरी यल्लो कुन फूलका प्रकार हुन् ?**

✎ सयपत्री ।

७. **अमलेखगन्जको पुरानो नाम भिच्छाखोरी हो भने वाल्मीकि नगरको पुरानो नाम के हो ?**

✎ भैसालोटन ।

८. **पृथ्वीले आफ्नो अक्षमा घुम्ने प्रक्रियालाई के भनिन्छ ?**

✎ परिभ्रमण ।

(पृथ्वीले २३ घण्टा ५६ मिनेट ४.०९ सेकेन्डमा आफ्नो अक्षमा एकपटक घुम्छ ।)

९. **सामान्यतया ओजोन तह वायुमण्डलको कति उचाइमा रहेको हुन्छ ?**

✎ २५-४० किमि ।

१०. **पाश्चात्य राजनीतिका कौटिल्य भनी कसलाई चिनिन्छ ?**

✎ मेकियाबेली ।

११. **हिमनदीले बगाएर ल्याएको हिमोढ (ढुङ्गा, माटो, बालुवा, झारपात आदि) ले नदीलाई रोकी बन्न जाने काललाई के भनिन्छ ?**

✎ हिमोढ ताल ।

१२. **काठमाडौँमा सम्पन्न बिम्स्टेकको चौथो शिखर सम्मेलनले सहयोगका क्षेत्र कति कायम गर्ने निर्णय गरेको छ ?**

✎ १६ वटा
(चौँथो सम्मेलनले सहयोगका २ क्षेत्र थप गरी १६ कायम गरेको ।)

१३. **सार्कको नीति तर्जुमा गर्ने कार्य कुन अङ्गले गर्छ ?**

✎ मन्त्रिपरिषद् ।

१४. **आवश्यकतामा आधारित उत्प्रेरणाको सिद्धान्त (नीड थ्यौरी)का प्रतिपादक को हुन् ?**

✎ अब्राहम मास्लो ।

१५. **कुनै वस्तुमा त्यसको स्थान वा स्थिति परिवर्तनका कारणले सञ्चित रहने शक्तिलाई के भनिन्छ ?**

✎ स्थिति शक्ति (पोटेन्सियल इनर्जी) ।

(तन्किएको रबरमा जम्मा भएको शक्ति, बाँधमा जम्मा गरिएको पानीमा हुने शक्ति, कुनै स्प्रिङ दबाउँदा वा तन्काउँदा स्प्रिङमा सञ्चित हुने शक्ति आदि स्थिति शक्ति अर्थात् पोटेन्सियल शक्तिका उदाहरण हुन् ।)

१६. **विश्वकै ठूलो नोबल पुरस्कार कहिलेदेखि प्रदान गर्न थालिएको हो ?**

✎ सन् १९०१ ।
- अर्थशास्त्रतर्फको नोबल पुरस्कार भने सन् १९६८ देखि दिन थालिएको ।
- नोबल शान्ति पुरस्कार नर्वेको राजधानी ओस्लोमा दिइन्छ भने अन्य विधाका पुरस्कार स्वीडेनको राजधानी स्टकहोममा प्रदान गरिने ।
- यो पुरस्कार संयुक्त रूपमा तीनजनासम्मले पाउन सक्ने ।

१७. **सबैभन्दा बढी उमेरमा नोबल पुरस्कार पाउने व्यक्ति को हुन् ?**

✎ लियोनिड हरविक्ज (सन् २००७, अर्थशास्त्र) ।

(सबैभन्दा कम उमेरमा नोबेल पुरस्कार पाउने : मलाला युसुफ जाई, सन् २०१४) ।

१८. **दोर्दीखोला जलविद्युत् आयोजनाको उत्पादन क्षमता कति छ ?**

✎ २७ मेगावाट (लमजुङ) ।

(सो जलविद्युत् आयोजनाको प्रारम्भिक परीक्षण २०७८ वैशाखमा सुरु गरिएको । आर्थिक वर्ष २०७७/०७८ भित्रै विद्युत् उत्पादन थालिने आयोजनाले जनाएको ।)

१९. **विसं २०७३ पुस महिनामा सार्वजनिक दिगो विकासका लागि प्रकृति संरक्षणको राष्ट्रिय रणनीति प्रारूपको अवधि कुन हो ?**

✎ विसं २०७२-२०८७ ।

२०. **युरो मुद्रालाई कहिलेदेखि प्रचलनमा ल्याइएको हो ?**



✎ वि.सं २००२ जनवरी १ ।

२१. **चाल शक्ति (काइनेटिक इनर्जी) भन्नाले के बुझिन्छ ?**

✎ वस्तुमा हुने चालका कारणले उत्पन्न हुने शक्ति अर्थात् चाल अवस्थामा रहेको वस्तुमा सञ्चित शक्ति

(बन्दुकबाट निस्केको गोली, बगिरहेको पानी, गुडिरहेको मोटर, उडिरहेको चरा आदिमा चाल शक्ति निहित हुन्छ ।)

२२. **छोरीलाई दाइजोका रूपमा चिउरीको बोट दिने चलन कुन जातिमा रहेको छ ?**

✎ चेपाङ ।

(चिउरीको बियाँ माछा मार्न उपयोग हुने साथै बियाँ पेलेर घिउ पनि निकाल्न सकिने हुँदा बिहेपछि छोरीले चिउरीको घिउ र माछा, मासु खान पाओस् भन्ने विश्वासका साथ ।)

२३. **नेटुवा जातिको बसोवास कहाँ रहेको छ ?**

✎ कपिलवस्तुको शुद्धोधनमा ।
- विसं २०६८ को राष्ट्रिय जनगणनाअनुसार कपिलवस्तुमा तीन सयजनाको हाराहारीमा नेटुवा जातिको बसोवास रहेको ।
- यो जातिका मानिसले आफूहरूलाई अल्पसङ्ख्यक जातिको सूचीमा राख्न सरकारसँग माग गर्दै आएका ।

२४. **हालको निजामती किताबखानाले गर्ने काम पहिला कुन अड्डाले गर्थ्यो ?**

✎ कमान्डरी किताबखाना ।

२५. **आदिप्रयाग भनेर कुन क्षेत्रलाई बुझाउँछ ?**



✎ देवघाट ।

२६. **विभिन्न किसिमका जीवजन्तु, पशुपक्षी, कीटपतङ्गको वासस्थानका लागि सिम, घोल, पोखरी, नदीकिनारमा सधैँ पानीले भिजिरहने ओसिलो भूमिलाई के भनिन्छ ?**

✎ सिमसार ।

२७. **नेपाल राष्ट्र बैङ्कले नेपाल सरकार लेखिएको पहिलो नोट कहिलेदेखि चलनचल्तीमा ल्याएको हो ?**

✎ विसं २०६३ असोज ६ (रु. ५ को नोट) ।

२८. **नेपाल सरकारले कहिलेदेखि अङ्ग्रेजी भाषासमेत प्रयोग गरी नयाँ ढाँचाको नेपाली नागरिकताको प्रमाणपत्र वितरण गरेको हो ?**

✎ विसं २०६६ मङ्सिर १ गते ।

(यसअघि नेपाली भाषामा मात्र नागरिकता दिइन्थ्यो ।)

२९. **नेपालले सर्वप्रथम बिप्पा सम्झौता गरेको राष्ट्र कुन हो ?**

✎ फ्रान्स (सन् १९८३ मे २) ।

३०. **मरुभूमि नभएको एकमात्र अरब राष्ट्र कुन हो ?**

✎ लेबनान ।

**प्रस्तुतकर्ता : टङ्क केसी**

## • विषयगत प्रश्नोत्तर

# स्तरीय पर्यटन



१. **नेपालको समष्टिगत आर्थिक विकासमा पर्यटन क्षेत्रको योगदानबारे चर्चा गर्नुहोस् । पर्यटन क्षेत्रलाई अन्तर्राष्ट्रियस्तरको मापदण्डमा पुऱ्याउन कुन-कुन क्षेत्रमा ध्यान दिन जरुरी छ ? उल्लेख गर्नुहोस् ।**

✎ नेपालको समष्टिगत आर्थिक विकासमा पर्यटन क्षेत्र उच्च सम्भावना बोकेको क्षेत्र हो । नेपालको प्राकृतिक एवम् साँस्कृतिक सम्पदा र विविधताका कारण पर्यटन नेपालको तुलनात्मक लाभको क्षेत्र हो । नेपालको संविधानले राष्ट्रिय अर्थतन्त्रको महत्त्वपूर्ण आधारका रूपमा पर्यटन क्षेत्रको विकास गर्ने नीति लिएको छ । राष्ट्रिय पर्यटन रणनीति योजना (२०१६-२०२६) कार्यान्वयनमा छ । नेपालको अर्थतन्त्रको प्रमुख संवाहकका रूपमा रहेको पर्यटन क्षेत्रको योगदान निम्नअनुसार रहेको छ :
- विदेशी मुद्रा आर्जनमा सहयोग,
- रोजगारीका अवसरको सिर्जना,
- गरिबी निवारण,
- जनताको जीवनस्तरमा सुधार,
- प्राकृतिक तथा साँस्कृतिक सम्पदाको विकास,
- स्थानीय कला-कौशल र सीपमा विकास,
- अन्तर्राष्ट्रिय सम्पर्कमा वृद्धि,
- जनचेतनामा अभिवृद्धि,
- जनशक्ति विकासमा योगदान,
- राष्ट्रिय प्रतिष्ठामा अभिवृद्धि ।

नेपालको कुल गार्हस्थ उत्पादनमा करिब तीन प्रतिशत योगदान रहेको पर्यटन क्षेत्रलाई विश्व बजार र खासगरी दुई छिमेकी मुलुकको ठूलो जनसङ्ख्याबाट अधिकतम लाभ प्राप्त गर्नेगरी यसको विकास गर्नुपर्छ ।

**अन्तर्राष्ट्रियस्तरको मापदण्डमा पुऱ्याउन ध्यान दिनुपर्ने क्षेत्र :**

क. **निजी क्षेत्रको प्रोत्साहन :**
निजी क्षेत्र अर्थतन्त्रको अगुवामात्र होइन, यो रोजगारी सिर्जनाकर्ता पनि हो । त्यसैले यसलाई सरकारले सहज, सहयोग एवम् उत्प्रेरित गर्नुपर्छ । निजी क्षेत्रमैत्री करका दर र कानुन, आयात निर्यातमा सहज, लगानीमा सहुलियत तथा सहकार्य गर्नुपर्छ । निजी क्षेत्रको प्रवर्द्धनमै पर्यटनमात्र होइन, हरेक क्षेत्र फस्टाउने हुँदा निजी क्षेत्रको विकासमा सरकारले ठूलो भूमिका खेल्नुपर्ने देखिन्छ ।

ख. **पूर्वाधार विकास :**
सडक यातायात, केबलकार, सञ्चार विकास, पुल तथा विमानस्थल निर्माणलगायतका पर्याप्त भौतिक पूर्वाधार विकासले पर्यटन विकासमा बहुआयामिक महत्त्व राख्छ । यसमा सरकारले निजी क्षेत्रको समेत संलग्नताबाट विकास गर्नुपर्छ ।

ग. **सुरक्षित र भरपर्दो हवाई सेवा :**
विमानस्थलको नियमित मर्मत, विकास, विस्तार, पहाडी तथा हिमाली क्षेत्रमा नियमित एवम् सुरक्षित उडानको व्यवस्था, अन्तर्राष्ट्रिय विमानस्थलको तीव्रत्तर विकास तथा विस्तार गर्दै राष्ट्रिय र अन्तर्राष्ट्रिय दुवै क्षेत्रमा सुरक्षित र भरपर्दो हवाई सेवा दिनुपर्छ । यसका लागि पनि निजी क्षेत्रसँग सहकार्य गर्दै सहयोग लिनु र दिनुपर्छ ।

घ. **सशक्त आर्थिक कूटनीति :**
विदेशस्थित नेपाली कूटनीतिक नियोगको क्षमता विकास गर्दै नेपालका सबै पर्यटकीय क्षेत्रको प्रचार प्रसार गर्ने, गैरआवासीय नेपालीसँग समन्वय तथा सहकार्य बढाउने, पर्यटन पूर्वाधारमा वैदेशिक लगानी आकर्षित गर्ने, विदेशस्थित नेपाली कूटनीतिक नियोगले यस कार्यमा सक्रिय र सार्थक भूमिका निर्वाह गर्ने, यस कार्यमा परराष्ट्र मन्त्रालय, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन विभाग, नेपाल पर्यटन बोर्डलगायतका निकायबीच कार्यगत समन्वय बढाउनुपर्छ ।

ङ. **नयाँ गन्तव्यको खोजी, विकास र प्रचार :**
नेपालको हिमाल, पहाड र तराईमा अनेक आकर्षक नयाँ गन्तव्य क्षेत्रहरू छन्, ती क्षेत्रको पहिचान, विकास, प्रचार प्रसार गर्नुपर्छ । पुराना गन्तव्यको प्रवर्द्धन पनि त्यत्तिकै आवश्यक देखिन्छ ।

च. **सम्पदाको संरक्षण :**
नेपालमा धार्मिक, साँस्कृतिक, ऐतिहासिक, प्राकृतिक सम्पदा प्रशस्त छन् । यस्ता सम्पदाको विकास गर्नुपर्छ । जैविक विविधताको संरक्षण एवम् उपयोग गर्दै जानुपर्छ ।

छ. **स्तरीय होटल निर्माण :**
नेपालको पर्यटनलाई अन्तर्राष्ट्रियस्तरको मापदण्डमा पुऱ्याउन अन्तर्राष्ट्रियस्तरकै होटल तथा रिसोर्ट खोल्नुपर्छ, यसबाट मात्र धेरै पैसा खर्च गर्ने, धेरै दिन नेपालमा बस्ने स्तरीय पर्यटक ल्याउन सकिन्छ । नेपालका सबै सम्भाव्य पर्यटकीय क्षेत्रमा यस्ता स्तरीय पूर्वाधार निर्माण गर्नुपर्छ । ग्रामीण क्षेत्रमा सञ्चालित हालको होमस्टेको सेवालाई थप गुणस्तरीय बनाउनुपर्छ । स्तरीय होटल तथा रिसोर्ट निर्माणकार्यमा स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्न नीति, कानुन, प्रक्रिया, पद्धति, आचरण, व्यवहारमा सुधार ल्याउँदै सबै क्षेत्रमा सहजीकरणको वातावरण बनाउनुपर्छ ।

ज. **खुला र स्वतन्त्र मनोरञ्जन :**
नेपालमा आउने कुल पर्यटकमध्ये करिब ६५ प्रतिशत पर्यटक मनोरञ्जन गर्न आएको पाइन्छ । पर्यटकलाई भरपूर मनोरञ्जन गराएमात्र अरू पर्यटक आउने हुन् । त्यसकारण सभ्यप्रकारले पर्यटकको इच्छा, चाहनाबमोजिमका सबै सेवा उपलब्ध गराउन खुला, स्वतन्त्र एवम् हस्तक्षेपमुक्त वातावरणमा मनोरञ्जन दिन सक्नुपर्छ । त्यसैले नेपालका सबै पर्यटकीय क्षेत्रलाई पूर्ण मनोरञ्जनयुक्त बनाउनुपर्छ । त्यहीबमोजिमका पूर्वाधार तथा जनशक्ति विकास गर्नुपर्ने देखिन्छ ।

झ. **पदयात्रा एवम् आरोहणमा सहजीकरण :**
पर्वतारोहण तथा पदयात्रामा नेपालको पर्यटकीय सम्भावना ठूलो छ । यसमा शुल्क कम लिने, बाटोमा पर्याप्त सुविधा विस्तार गर्ने, सञ्चार सम्पर्क विकास गर्ने, उद्धार तथा राहत टोली तयार गर्नेजस्ता कार्य गरी यसको थप विकास गर्नुपर्ने देखिन्छ ।

ञ. **सशक्त अनुगमन र मूल्याङ्कन प्रणाली :**
पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन विभाग, नेपाल पर्यटन बोर्डलगायतका नियामक निकायबीच कार्यगत समन्वय बढाउने, नियमित अनुगमन तथा सहजीकरण गर्दै समग्र पर्यटन कार्यक्रमको मूल्याङ्कन गरेर थप सुधार गर्नु पर्ने देखिन्छ ।

अन्त्यमा, पर्यटन नेपालको अर्थतन्त्रको मेरुदण्ड हो । त्यसैले यसको विकास गर्नुपर्छ । यसका लागि पर्यटकीय पूर्वाधारको विकास गर्दै निजी क्षेत्रसँग समन्वय र सहकार्य गर्नुपर्छ । स्वदेशी तथा विदेशी लगानी बढाउनुपर्छ । तबमात्र नेपालको पर्यटन क्षेत्र अन्तर्राष्ट्रियस्तरको मापदण्डमा आधारित हुने आशा गर्न सकिन्छ ।

२. **नेपालमा के-कस्ता पदमा नियुक्ति हुनुअघि संसदीय सुनुवाइ हुने व्यवस्था छ ? उल्लेख गर्नुहोस् ।**

✎ नेपालको संविधानको धारा २९२ अनुसार नेपालमा संवैधानिक परिषद्को सिफारिसमा नियुक्त हुने देहायबमोजिमको पदमा नियुक्ति हुनुअघि संसदीय सुनुवाइ हुने व्यवस्था छ :

क. प्रधान न्यायाधीशको पद,
ख. सर्वोच्च अदालतका न्यायाधीशको पद,
ग. न्याय परिषद्का सदस्यको पद,
घ. संवैधानिक निकायको प्रमुख तथा पदाधिकारीको पद,
ङ. राजदूतको पद,

संसदीय सुनुवाइका लागि सङ्घीय संसद्का दुवै सदनका सदस्य रहनेगरी १५ सदस्यीय एक संयुक्त समिति गठन गरिने व्यवस्था छ ।

३. **नेपालमा पतिपत्नीले के-कस्तो अवस्थामा सम्बन्धविच्छेद गर्न सक्ने व्यवस्था छ ? उल्लेख गर्नुहोस् ।**

✎ २०७५ साल भदौ १ गतेदेखि प्रारम्भ भएको मुलुकी देवानी (संहिता) ऐन-२०७४ ले पतिपत्नीले सम्बन्धविच्छेद गर्न सक्ने अवस्था व्यवस्था गरेको छ, जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

**पतिले सम्बन्धविच्छेद गर्न सक्ने :**
पतिले देहायका कुनै अवस्थामा पत्नीको मञ्जुरी नभए पनि सम्बन्धविच्छेद गर्न सक्ने :
(क) कानुनबमोजिम अंश लिई वा मानो छुट्टिई पतिपत्नी भिन्न बसेको अवस्थामा बाहेक पत्नीले पतिको मञ्जुरी नलिई लगातार तीन वर्ष वा सोभन्दा बढी समयदेखि अलग बसेमा,
(ख) पत्नीले पतिलाई खान लगाउन नदिएमा वा घरबाट निकाला गरिदिएमा,
(ग) पत्नीले पतिको अङ्गभङ्ग हुने वा अरू कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको कुनै काम वा जाल प्रपञ्च गरेमा,
(घ) पत्नीले अन्य पुरुषसँग यौनसम्बन्ध राखेको ठहरेमा ।

**पत्नीले सम्बन्धविच्छेद गर्न सक्ने :**
पत्नीले देहायका कुनै अवस्थामा पतिको मञ्जुरी नभए पनि सम्बन्धविच्छेद गर्न सक्ने :
(क) कानुनबमोजिम अंश लिई वा मानो छुट्टिई पतिपत्नी भिन्न बसेको अवस्थामा बाहेक पतिले पत्नीको मञ्जुरी नलिई लगातार तीन वर्ष वा सोभन्दा बढी समयदेखि अलग बसेमा,
(ख) पतिले पत्नीलाई खान लगाउन नदिएमा वा घरबाट निकाला गरिदिएमा,
(ग) पतिले पत्नीको अङ्गभङ्ग हुने वा अरू कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको कुनै काम वा जाल प्रपञ्च गरेमा,
(घ) पतिले अर्को विवाह गरेमा,
(ङ) पतिले अन्य महिलासँग यौनसम्बन्ध राखेको ठहरेमा,
(च) पतिले पत्नीलाई जबरजस्ती करणी गरेको ठहरेमा ।

४. **नेपालमा नेपाली सेनाको प्रधानसेनापति कसरी नियुक्ति हुने व्यवस्था छ ?**

✎ नेपाली सेनाको प्रमुख हुने प्रधानसेनापतिको नियुक्ति मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले गर्ने र निजलाई राष्ट्रपतिले शपथ गराउने तथा दर्ज्यानी चिह्न प्रदान गर्ने व्यवस्था छ । प्रधानसेनापति बिदामा बसेको वा अन्य कुनै कारणले सो पद रिक्त हुन आएको अवस्थामा मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले तोकेको नेपाली सेनाको वरिष्ठ अधिकृतले कायममुकायम भई प्रधानसेनापतिको कार्यभार सम्हाल्ने व्यवस्था छ । प्रधानसेनापतिको पदावधि तीन वर्षको हुने र निज ६१ वर्षको उमेरसम्म आफ्नो पदमा बहाल रहने व्यवस्था छ । तर, नेपाल सरकारले आवश्यक सम्झेमा सो अवधि पूरा हुनुअगावै सफाइको मौका दिई प्रधानसेनापतिलाई मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले अवकाश दिन सक्ने व्यवस्था छ । प्रधानसेनापति नेपाल सरकारप्रति उत्तरदायी हुने र नेपाल सरकारले दिएको निर्देशन तथा प्रचलित कानुनको अधीनमा रही नेपाली सेनाको व्यवस्थापन गर्नु प्रधानसेनापतिको काम र कर्तव्य हुने व्यवस्था छ । प्रधानसेनापतिले प्रत्येक वर्ष वैशाख महिनाभित्र नेपाली सेनाको व्यवस्थापनसम्बन्धी वार्षिक प्रतिवेदन नेपाल सरकारसमक्ष प्रस्तुत गर्ने र त्यसरी प्राप्त प्रतिवेदन नेपाल सरकारले व्यवस्थापिका संसद्मा प्रस्तुत गरी राज्य व्यवस्था समितिमा छलफल गराउने व्यवस्था सैनिक ऐन-२०६३ मा छ ।

५. **श्रम ऐन-२०७४ ले श्रमिकप्रति रोजगारदाताको के-कस्तो कर्तव्य हुने व्यवस्था गरेको छ ?**

✎ व्यवसायजन्य सुरक्षा र स्वास्थ्यका सम्बन्धमा रोजगारदाताको श्रमिकप्रति देहायबमोजिमको कर्तव्य हुने व्यवस्था श्रम ऐन-२०७४ ले गरेको छ :
(क) कार्यस्थलमा सुरक्षा र स्वास्थ्यसम्बन्धी उचित प्रबन्ध गरी काम गर्ने सुरक्षित वातावरण बनाउने,
(ख) कार्यस्थलमा रासायनिक, भौतिक, जैविक पदार्थ तथा उपकरणको प्रयोग, सञ्चालन, सञ्चय र परिवहन गर्दा सुरक्षा र स्वास्थ्यमा प्रतिकूल असर नपर्ने व्यवस्था मिलाउने,
(ग) श्रमिकलाई आवश्यकताअनुसार सुरक्षा र स्वास्थ्यसम्बन्धी आवश्यक सूचना, जानकारी र तालिम प्रदान गर्ने,
(घ) श्रमिकलाई उपकरण र कामसँग सम्बन्धित रासायनिक, भौतिक, जैविक पदार्थको प्रयोग र सञ्चालनका सम्बन्धमा आवश्यक तालिम र जानकारी उपयुक्त भाषामा दिने,
(ङ) कार्यस्थलमा सुरक्षित रूपमा प्रवेश गर्ने तथा निस्कने समुचित व्यवस्था गर्ने,
(च) श्रमिकलाई आवश्यकताअनुसार व्यक्तिगत सुरक्षा साधन उपलब्ध गराउने,
(छ) तोकिएबमोजिमको अन्य व्यवस्था गर्ने ।

६. **नेपाल प्रहरीको काम, कर्तव्य र अधिकार के-के हुन् ? उल्लेख गर्नुहोस् ।**

✎ नेपालप्रहरीको काम, कर्तव्य र अधिकार निम्न छन् :
- मुलुकमा शान्ति सुरक्षा कायम गर्ने,
- सर्वसाधारण जनतासँग शिष्ट व्यवहार गर्ने,
- महिला तथा बालबालिकासँग पूरा इज्जत र नम्रतासाथ व्यवहार गर्ने,
- मानवअधिकारको संरक्षण सम्बर्द्धन गर्ने, गराउने,
- सामाजिक सद्भाव बिथोल्ने, सुरक्षा प्रतिकूल, गैरकानुनी एवम् गम्भीर आपराधिक क्रियाकलाप नियन्त्रण गर्ने,
- नेपाल सरकारको आदेश र निर्देशनको पालना गर्ने,
- शान्ति र व्यवस्थालाई असर पार्नेखालको खबर सङ्कलन गर्ने र माथिल्लो अधिकारीलाई जानकारी गराउने,

**प्रस्तुतकर्ता : हेमचन्द्र शर्मा**